बैठक संख्या १०.

आज मिति २०७४ साल आश्विन ९ गते सोमबार विहान ९ बजे अर्जुनधारा नगरपालिकाका श्रीमान् नगरप्रमुख हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय सदस्यहरुको उपस्थितीमा बसी देहायका विषयहरुमा छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती

| | | | | |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | नगर उपप्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ४ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री नवराम ढुंगाना | सदस्य | |
| १० | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन तामांग | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १४ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १५ | सदस्य | श्री लक्ष्मी तामांग | सदस्य | |
| १६ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १७ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १८ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| १९ | सदस्य | श्री खिनमान दर्जी | सदस्य | खिनमान |
| २० | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| २१ | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २२ | नि.कार्यकरी अधिकृत | श्री मदनकुमार पौडेल | सदस्य सचिव | |

निर्णय नं.१

अर्जुनधारा नगरपालिका वडा नं. ११ को वडा कार्यालय भवन निर्माणका लागि श्री महारानीगञ्ज माध्यमिक विद्यालयको पूर्वोत्तर भागमा वडा नं. ११ बस्ने श्री चिरञ्जिवी लामिछानेज्यूले साविक शनिश्चरे- ६ मा पर्ने ज.वि. ०-२-१० र श्री यामकान्त बरालज्यूले सोही स्थानमा ज.वि. ०-२-१० जग्गा निशुल्क दान गर्ने प्रस्ताव गर्नुभएकोमा सो जग्गा वडा कार्यालय भवन निर्माणका लागि उपयुक्त एवं पर्याप्त हुने देखिएकाले सो प्रस्तावलाई सधन्यवाद स्वीकार गर्ने निर्णय गरियो । साथै, सो जग्गा नगरपालिकाको नाममा नामसारी गर्न एवं सो को आवश्यक प्रक्रिया मिलाउनका लागि वडा नं. ११ का वडाध्यक्ष श्री भैरव बहादुर खड्का र खरिदार श्री खगेन्दबहादुर लिङ्गदेनलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

२०७४/०६/०९